# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

२०६३ सालको ऐन नं. ३८

## नेपाल खानेपानी संस्थान ऐन, २०४६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : नेपाल खानेपानी संस्थान ऐन, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस ऐनको नाम "नेपाल खानेपानी संस्थान (तेस्रो संशोधन) ऐन, २०६३" रहेको छ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा २ मा संशोधन : नेपाल खानेपानी संस्थान ऐन, २०४६ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को उपदफा २.१.३क पछि देहायका उपदफा २.१.३ख र २.१.३ग थपिएका छन् :-

"२.१.३ख "सेवा प्रणाली" भन्नाले खानेपानी सेवा उपलब्ध गराउनको लागि निर्माण गरिएको जलाशय, त्यस्तो जलाशयमा जडान भएको पानी प्रशोधन वा शुद्धिकरण प्लाण्ट, पानी आपूर्ति गर्न जडान भएको पाइप वा फोहर पानी शुद्धिकरण गर्ने प्लाण्ट, ढल निकासको व्यवस्था गर्नको लागि निर्माण गरिएको ढल निकास प्रणाली, उपकरण वा यस्तै प्रकृतिका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अन्य संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी सेवा वा ढल निकास सेवासँग आवद्ध भएको घर वा जग्गा समेतलाई जनाउँछ ।**

**२.१.३ग "बोर्ड" भन्नाले खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ बमोजिम स्थापना भएको बोर्ड सम्झनु पर्छ ।"**

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को उपदफा ३.१ मा रहेका "नेपाल अधिराज्यको विभिन्न नगरपालिका तथा" भन्ने शब्दहरु झिकिएका छन् र सोही उपदफामा रहेका "स्थापना गरिएको छ" भन्ने शब्दहरुको सट्टा "स्थापना गरेको छ" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल ऐनको दफा ५क. मा संशोधन : मूल ऐनको दफा ५क. को उपदफा ५क.१ को सट्टा देहायको उपदफा ५क.१ राखिएको छ :-

"५क.१ यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थानले यस ऐन बमोजिम सञ्चालन र व्यवस्थापन गरिरहेको सेवा प्रणाली नेपाल सरकार र स्थानीय निकायको कम्तीमा असी प्रतिशत शेयर भएको कुनै संस्था वा नाफा कमाउने उद्देश्य नभएको संस्था वा उपभोक्ता संस्थालाई करारमा दिई सञ्चालन गर्न गराउन चाहेमा संस्थानले नेपाल सरकारको पूर्व स्वीकृति लिई संस्थानको स्वामित्व रहेको सेवा प्रणाली तथा सोसँग सम्बन्धित संरचना, उपकरण तथा सोसँग सम्बन्धित अन्य सम्पत्ति त्यस्तो संस्थालाई करारमा दिन सक्नेछ ।"

५. मूल ऐनको दफा ५ख. मा संशोधन : मूल ऐनको दफा ५ख. को सट्टा देहायको दफा ५ख. राखिएको छ :-

"५ख. सेवा प्रणालीको स्वामित्व हस्तान्तरण गर्न सकिने :

"५ख.१ यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस ऐन बमोजिम संस्थानले सञ्चालन तथा व्यवस्थापन गरिरहेको कुनै क्षेत्रको सेवा प्रणाली बोर्डमा हस्तान्तरण गराई खानेपानी तथा ढल निकासको समुचित व्यवस्था गर्न उचित र आवश्यक देखेमा त्यस्तो क्षेत्रको सेवा प्रणालीको स्वामित्व सो बोर्डमा हस्तान्तरण गर्न गराउन सक्नेछ ।

५ख.२ उपदफा ५ख.१ बमोजिम सेवा प्रणालीको स्वामित्व हस्तान्तरण गर्दा गराउँदा नेपाल सरकारले त्यसरी स्वामित्व हस्तान्तरण गरिएको सेवा प्रणाली र सोसँग सम्बन्धित सम्पत्ति तोकिए बमोजिम मूल्याङ्कन गरी त्यस्तो सेवा प्रणालीको मूल्य बराबरको दायित्व समेत त्यस्तो बोर्डमा सारी दिन सक्नेछ ।

५ख.३ उपदफा ५ख.१ बमोजिम सेवा प्रणालीको स्वामित्व हस्तान्तरण भएमा सम्बन्धित क्षेत्रमा खानेपानी उपलब्ध गराउने तथा ढल निकास सम्बन्धी काम, सेवा प्रणालीको मर्मत सम्भार, संरक्षण, सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी त्यसरी स्वामित्व हस्तान्तरण गरिलिने बोर्डको हुनेछ ।"

६. <u>मूल ऐनमा दफा ५घ. थप</u> : मूल ऐनको दफा ५ग. पछि देहायको दफा ५घ. थपिएको छ :-

"५घ. <u>कर्मचारी सम्बन्धी विशेष व्यवस्था</u> :

५घ.१ दफा ५क. बमोजिम करार भएकोमा त्यसरी करार हुँदाका बखत संस्थानमा कार्यरत कर्मचारीलाई करारमा उल्लिखित अवधिभरका लागि करारमा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेवा प्रणाली लिने संस्थाबाट पारिश्रमिक तथा सुविधा उपलब्ध गराउने गरी संस्थानले त्यस्तो संस्थामा काजमा खटाउन सक्नेछ ।

तर त्यस्तो संस्थाले करार बमोजिम लिएको सेवा प्रणालीसँग सम्बद्ध संस्थानका कर्मचारी लिन नचाहेमा वा त्यस्ता कर्मचारीले सो संस्थामा काम गर्न नचाहेमा संस्थानले त्यस्ता कर्मचारीलाई संस्थानको अन्य काममा लगाउन वा निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम निजले पाउने सुविधामा नघट्ने गरी निजलाई तोकिएको मापदण्डको आधारमा तोकिए बमोजिम उपदान दिई सेवाबाट अवकाश दिन सक्नेछ ।

५घ.२ दफा ५ख. बमोजिम संस्थानको कुनै सेवा प्रणालीको स्वामित्व कुनै बोर्डलाई हस्तान्तरण भएकोमा त्यस्तो सेवा प्रणालीसँग सम्बद्ध संस्थानका कर्मचारीलाई त्यसरी सेवा प्रणाली हस्तान्तरण गरिलिने बोर्डमा रहने गरी आवश्यक व्यवस्था गर्न सकिनेछ ।

तर त्यस्ता कर्मचारीलाई सेवा प्रणाली हस्तान्तरण गरी लिने बोर्डले लिन नचाहेमा वा संस्थानका कर्मचारीले सो बोर्डमा काम गर्न नचाहेमा संस्थानले त्यस्ता कर्मचारीलाई संस्थानको अन्य काममा लगाउन वा निजको सेवा शर्त सम्बन्धी कानून

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम निजले पाउने सुविधामा नघट्ने गरी निजलाई तोकिएको मापदण्डको आधारमा तोकिए बमोजिमको सुविधा दिई सेवाबाट अवकाश दिन सक्नेछ ।

५घ.३ उपदफा ५घ.२ बमोजिम खटिएका कर्मचारीको सेवाका शर्त तोकिए बमोजिम हुनेछ ।

तर त्यसरी खटिएका कर्मचारीको पारिश्रमिक तथा सुविधा संस्थानले खटाउँदाका बखत उपलब्ध गराइरहेको पारिश्रमिक तथा सुविधाभन्दा कम हुने छैन ।"

७. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को उपदफा ६.१ मा रहेका "निर्धारण गरी" भन्ने शब्दहरु झिकिएका छन् ।

८. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को उपदफा ८.१ को सट्टा देहायको उपदफा ८.१ राखिएको छ :-

"८.१ संस्थानको काम कारबाही सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि देहायका सदस्यहरु भएको सञ्चालक समिति गठन गरिएको छ :-

८.१.१ खानेपानीको व्यवस्थापन सम्बन्धमा अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट नेपाल सरकारले तोकेको वा नियुक्ति गरेको व्यक्ति - अध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ८.१.२ | प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), भौतिक योजना तथा निर्माण मन्त्रालय | - सदस्य |
| ८.१.३ | प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, (जनस्वास्थ्य हेर्ने) | - सदस्य |
| ८.१.४ | संस्थानले सेवा पुऱ्याएका नगरपालिकाहरुमध्येबाट नेपाल सरकारले तोकेको एउटा नगरपालिकाको प्रमुख | - सदस्य |
| ८.१.५ | उपभोक्ताको हितको संरक्षणमा संलग्न उपभोक्ताहरुको संस्थाहरुमध्येबाट नेपाल सरकारले तोकेको संस्थाका दुईजना महिला प्रतिनिधि | - सदस्य |
| ८.१.६ | खानेपानी गुणस्तर सम्बन्धी विशेषज्ञहरुमध्येबाट नेपाल सरकारले तोकेको एकजना | - सदस्य |



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ८.१.७ | पर्यावरण वा वातावरण संरक्षणमा संलग्न संस्थाहरुमध्येबाट नेपाल सरकारले तोकेको एकजना | - सदस्य |
| ८.१.८ | महाप्रबन्धक, नेपाल खानेपानी संस्थान | - सदस्य-सचिव" |

प्रमाणीकरण मितिः २०६३।९।३०

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ८।।-
गो.ह.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार